# मानव अधिकार-पत्र
## Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष २, अङ्क ४ | राष्ट्रिय मानव अधिकार आयोगको द्वैमासिक बुलेटिन | २०७३ माघ–फागुन


# टीकापुर, रंगेली र बेथरी घटनाको सम्बन्धमा निर्णय

**राष्ट्रिय मानव अधिकार आयोग**
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ फागुन २४ गते

**आयोगले टीकापुर, रंगेली र बेथरी घटनाको सम्बन्धमा निर्णय गर्‍यो ।**

राष्ट्रिय मानव अधिकार आयोगले तराई–मधेश आन्दोलनको क्रममा गत वर्ष कैलाली जिल्लाको टीकापुरमा प्रहरी वरिष्ट उपरीक्षक लक्ष्मण न्यौपाने र १ नाबालक सहित ९ जनाको ज्यान जानेगरी तथा व्यक्तिगत सम्पत्ति तोडफोड एवं आगजनी भएकोमा प्रहरीले जाहेरी नलिएको घटना, मोरङको रंगेली र डायनियामा ३ जना व्यक्तिहरुको ज्यान जानेगरी भएको घटना, रुपन्देही जिल्लाको बेथरीमा २ जना बालक सहित ६ जनाको ज्यान जानेगरी भएको घटना र २०५९ कार्तिक २८ गते जुम्ला सदरमुकाममा सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन नेकपा (माओवादी) बाट आक्रमण हुंदा मृत्यु भएका मालपोत कार्यालय जुम्लामा कार्यरत कार्यालय सहयोगी राम प्रसाद खनाल र जुम्लाका प्रमुख जिल्ला अधिकारीको परिवारलाई नेपाल सरकारबाट उपलब्ध गराइएको राहत, क्षतिपूर्ति रकममा भएको विभेद सम्बन्धमा अनुसन्धान गरी निर्णय साथ आयोगले नेपाल सरकालाई सिफारिस गरेको छ ।

आयोगबाट भएको निर्णयमा घटनाका दोषीहरु उपर कार्यवाही तथा पीडित पक्षलाई उपयुक्त राहत र क्षतिपूर्तिको सिफारिस गरिएको छ । निर्णयको विस्तृत विवरण यसै विज्ञप्तिसाथ संलग्न गरिएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

### १. कैलालीको टीकापुर घटना

मिति २०७२ भदौ ७ गतेको दिन कैलाली जिल्लाको टीकापुरमा थरूहट र सुरक्षाकर्मीको बीचमा भएको झडपमा परी ८ जना सुरक्षाकर्मी र १ जना सर्बसाधारण नाबालक गरी ९ जना व्यक्तिहरुको मृत्यु भएको, ठूलो संख्यामा सुरक्षाकर्मी र आन्दोलनरत पक्षका व्यक्तिहरु घाइते भएको र ४, ५, ६, ७ र ८ धनजनको क्षति सम्बन्धी घटना विभिन्न समाचार माध्यमहरुबाट प्रसारित एवम् प्रकाशित भए लगत्तै आयोगको ध्यानाकर्षण भई आयोगको क्षेत्रीय कार्यालय धनगढीबाट उक्त घटनाको अनुगमन भएकोमा अनुगमन प्रतिवेदनका आधारमा आयोगले स्वविवेकीय क्षेत्राधिकार अन्तर्गत ग्रहण गरिएको उजूरीमा आयोग टोलीबाट अनुसन्धान गरी आयोग समक्ष पेश हुन आएको प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठकमा पेश हुन आएकोमा प्रतिवेदन माथि छलफल हुँदा देहाय बमोजिमका निर्णयहरु गरियो :–

१. टीकापुर घटनामा क्षेत्रीय प्रहरी कार्यालय, धनगढीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपाने सहितका ८ जना सुरक्षाकर्मी, १ नावालकको मृत्य भएको घटनामा घरभित्रबाट बाहिर निकाली नियोजित रुपमा कब्जामा लिई तथा पेट्रोल छर्की आगो लगाउने समेतका निसृंस र अमानवीय तरीकाले हत्या गरी निजहरुको जीवनको अधिकार अपहरित गरेको समेत पाइयो । यस सन्दर्भमा जिल्ला अदालत कैलालीमा मुद्दा दायर भइसकेकाले यो विषय अदालतको विचाराधीन हुन पुगी सोही निकायद्वारा को कसबाट के कसरी सो घटना भएको हो न्याय इन्साफ हुने नै हुँदा आयोगबाट थप केही बोलिरहन परेन ।

२. टीकापुर घटनामा ज्यान गुमाएका प्रहरीका परिवारजनहरूको हेरविचार, उचित शिक्षा-दीक्षा, रोजगारी समेतको हरसंभव सुविधा दिन दिलाउन र तिनको निरन्तर अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

३. टीकापुर नगरपालिकामा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका दिन कर्फ्युको समयमा थारू समुदायका रिर्सोट, घर, पसल, होटल, एफ एम रेडियो स्टेसनका सरसामान लगायतमा तोडफोड र आगजनी गरिएको सामग्रीको मूल्यांकन गरी वास्तविक क्षतिको अविलम्व क्षतिपूर्ति र अहिले सम्म पेशा, व्यापार, व्यवसाय गर्न नपाएको नोक्सानीको आंकलन गरी सो बापतको मूआव्जा समेत दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

४. टीकापुरमा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका घटनाका सम्बन्धमा स्वस्फुर्त (स्व–विवेक) रुपमा जानकारी लिई कारवाही गर्नुपर्नेमा यसो पनि नगरिएको र पीडित पक्षद्वारा दिइएको जाहेरी पनि ग्रहण नगरिएको भई सो आगजनी, तोडफोड र लुटपाटको घटनाका सम्बन्धमा अनुसन्धान गरी दोषीहरूलाई अविलम्व कानून बमोजिम कारबाही गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

५. सुरक्षा निकायको असावधानी, गुप्तचर संस्थाको कमी कमजोरी तथा प्रहरी संगठनहरू बीच एकआपसमा असहयोग र समन्वयको कमी तथा फितलो सुरक्षा योजना तथा सुरक्षा लापरबाहीको कारण समेतबाट टीकापुर घटना भएको देखिएको

हुँदा भविष्यमा त्यसतर्फ सजग रहन र सुरक्षाकर्मी तर्फको ठूलो क्षति रोक्न समुचित प्रयाससम्म नगर्ने सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायव महानिरीक्षक (डि.आई.जी) खडानन्द चौधरी तथा सशस्त्र प्रहरी बल, उग्रतारा गणका प्रहरी उपरीक्षक (एस.पी.) लक्ष्मण बहादुर सिंहलाई विभागीय कारवाही गर्न र जिल्ला प्रशासन कार्यालय कैलालीका तत्कालीन प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ तथा ईलाका प्रशासन कार्यालय टीकापुर कैलालीका तत्कालीन प्रशासकीय अधिकृत सुमन धिताल समेतलाई मानव अधिकार उल्लंघनका कार्यमा संलग्नता पुष्टि भई निजहरुको कार्य उदासीनता (Act of Omision) भएबाट सचेत गराउनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

६. समुदाय स्तरमा मेलमिलापका कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दै थारू समुदायको साँस्कृतिक हकका रूपमा रहेको बडघर प्रथालाई पुर्ववत अवस्थामा ल्याउने प्रयोजनका लागि भय र संत्रासको वातावरण हटाई पुर्ववत अवस्था कायम राख्न आवश्यक प्रवन्धको लागि नेपाल सरकारलाई ध्यानाकृष्ट गराउने ।

७. अखण्ड सुदुरपश्चिम र थारूवान पक्ष लगायत अन्य राजनीतिक दलहरूका नेताहरु खासगरी नेपाल सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो, संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, नेपाली कांग्रेसका सभासद अमरेसकुमार सिँह, नेकपा-माओवादीका नेता देब गुरूङ समेतले उत्तेजक भाषण गर्दा स्थिति तनावपूर्ण भई मानव अधिकार उल्लंघन हुन जाने पृष्ठभूमि तयार भएबाट जिम्मेवार राजनीतिक दलको नेतृत्वबाट मर्यादित व्यवहारको अपेक्षा राख्दै सम्बन्धित राजनीतिक दलहरुको ध्यानाकृष्ट गराउने ।

८. टीकापुर घटनाको पृष्ठभूमिको क्रममा २०७२ भदौ ४,५ र ६ गते भएको घटनामा पनि व्यक्तिको धन सम्पत्तिमा क्षतिपूर्ती सरकारले सुरक्षा प्रदान गर्न नसकेको पाइएकोले मूल्यांकनको आधारमा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ।

## २. मोरङको रंगेली र डायनिया घटना

तराई मधेशमा आन्दोलनरत् संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र ने.क.पा. (एमाले) को भ्रातृ संगठन युवासंघ नेपालले मोरङ जिल्लाको रङ्गेलीमा आ-आफ्नो कार्यक्रम गर्ने सन्दर्भमा २०७२ माघ ७ गते प्रहरी र मोर्चाका कार्यकर्ताबीच मोरङ जिल्लाको रङ्गेली र डायनियामा झडप हुँदा आन्दोलनकारी समेत ३ जनाको मृत्यु, प्रहरी र केही व्यक्ति समेत घाइते भएकोमा आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालय विराटनगरको टोलीले गरेको अनुगमन प्रतिवेदन र संयुक्त मधेशी मोर्चाले माघ २०७३ माघ १० गते आयोगको केन्द्रीय कार्यालयमा घटनाको छानबीनको लागि पेश गरेको ज्ञापन–पत्र समेतको आधारमा उक्त घटनाको आयोगको टोलीबाट अनुसन्धान भई पेश हुन आएको प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठकमा पेश हुन आएकोमा प्रतिवेदन माथि छलफल हुँदा देहायबमोजिमका निर्णयहरु गरियो :–

**सन्दर्भ: आयोगको निर्णय**

### क) नेपाल सरकारलाई सिफारिस

१. गृह मन्त्रालयलाई शान्ति सुरक्षाको जोखिमपूर्ण अवस्था रहेका अवस्थामा प्रमुख जिल्ला अधिकारीको जिल्लामा उपस्थिति अनिवार्य हुने व्यवस्था मिलाउन ।

२. मृतकहरु द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझिका परिवारहरूलाई नेपाल सरकारले गरेको निर्णय बमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराई मृतकका बालबालिकाहरू र आश्रित परिवारका सदस्यहरूको आवश्यकता अनुसार उचित शिक्षा र स्वास्थ्यको प्रबन्ध गर्न ।

३. रङ्गेली र डायनियामा भएका घाइतेहरूको नि:शुल्क उपचारको व्यवस्था र स्वयं उपचार गराएका घाइतेहरूलाई उपचार वापतको उचित रकम शोधभर्ना उपलब्ध गराउन ।

४. मोर्चाका कार्यकर्ताबाट डायनियामा जलाइएका बसका धनीहरूलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराई सो कार्यमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानूनी कारवाही गर्न, गराउन ।

५. नेपालको संविधानको धारा २४९ को उपदफा (२) बमोजिम गृह मन्त्रालयका सचिव नारायण गोपाल मलेगो, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी तोयम रायमाझी र प्रहरी उपरिक्षक तारणीप्रसाद लम्सालाई सचेत गराउन ।

६. प्रकाश ढकाल लगायतका व्यक्तिहरूलाई आक्रमण गरी गम्भीर घाइते बनाउने व्यक्तिहरूको पहिचान गरी कानून बमोजिम कारवाही गर्न ।

७. रङ्गेली तथा डायनियामा द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझीको मृत्यु तथा अन्य व्यक्तिहरू घाइते हुने गरी भएका घटनाहरूको सुक्ष्म अनुसन्धान गरी अनुसन्धानबाट देखिएका दोषी उपर कानूनी कारवाही गर्न ।

### ख) संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र युवासंघलाई

१. दुवै पक्षले नागरिकहरूको मानव अधिकार जोखिम हुने प्रकृतिका कुनै पनि कार्यक्रमहरूको आयोजना नगर्न र त्यस्ता कार्यक्रमहरू गर्नलाई आफ्ना नेता कार्यकर्ताहरूलाई उत्साहित गर्ने कार्य तत्काल बन्द गर्न ।

२. सार्वजनिक रूपमा सामान्य राजनीतिक संस्कार विपरीतका उत्तेजक मन्तव्य, अश्लील शब्द र गीत रचनाहरूको माध्यमबाट एकअर्काको मर्यादामा आँच पुऱ्याउने कार्य तत्काल बन्द गरी राजनीतिक संस्कार अवलम्बन गर्दै एक अर्काबीच मानव अधिकार मैत्री व्यवहार गर्न ।

३. रङ्गेलीमा युवासंघले त्यस स्थानको अवस्था र परिस्थिति बारेमा पूर्ण जानकारी हुँदाहुदै हठपुर्वक स्थानीय राजनीतिक दलसँग समझदारी र सहमति नगरी सोही स्थानमा कार्यक्रम गर्नुपर्ने आधार पुष्टि गर्न नसकेको सन्दर्भमा आइन्दा यस प्रकार का कार्यक्रमहरू जुधाउने गरी नगर्न तथा युवासंघ, मोर्चा र

सम्बद्ध अन्य सबै राजनीतिक दल तथा संघ संगठनहरूबाट यस प्रकारका घटना नदोहोऱ्याउन ।

४. आफ्ना दोषी कार्यकर्ताहरूको पहिचान गरी कानूनी कारवाही गर्ने कार्यमा नेपाल प्रहरीलाई सहयोग गर्न ।

५. शान्तिपूर्ण कार्यक्रमलाई पूर्णतः शान्ति पूर्ण राख्न कुनै पनि संस्कार र वाहनामा कुनैपनि किसिमका हतियारहरूको प्रयोग निषेध गरी राष्ट्रिय र अन्तराष्ट्रिय कानूनी व्यवस्थाको सम्मान गरी उच्च राजनैतिक चरित्र प्रदर्शन गर्न ।

६. जोखिमपूर्ण अवस्थामा गरिने हरेक सार्वजनिक कार्यक्रमहरूको बारेमा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई समयमा नै जानकारी दिने व्यवहारको विकास गर्न ।

## ३. रुपन्देहीको बेथरी घटना

नेपालको संविधानको मस्यौदा छलफलको लागि जनसमक्ष प्रस्तुत गरेपश्चात् मिति २०७२ साल श्रावण महिनादेखि तराई केन्द्रीत विभिन्न राजनीतिक दल र जातिगत संस्था आदिको संयुक्त लोकतान्त्रिक मोर्चाबाट सञ्चालित आन्दोलनको क्रममा मिति २०७२/५/२९ गते रुपन्देही जिल्ला गोनाहा गा.वि.स. वडा नं. ६ बेथरी वजारमा सुरक्षाकर्मीहरुबाट गोली प्रहार हुँदा पर्सा जिल्ला पोखरिया न.पा. १ वनकटवा घर भई हाल रुपन्देही जिल्ला गोनाहा ६ बेथरी वस्ने ४ वर्षीय बालक चन्दन कुमार पटेल, गोनाहा ६ वस्ने १२ वर्षीय रञ्जना सिंह क्षेत्री, गोनाहा ६ वस्ने विन्दु भनिने विनोद लाकौल, गोनाहा ६ वस्ने राजकुमार वरई समेत ४ जना व्यक्तिहरुको तत्काल मृत्यु भएको, ऐ. जिल्ला हाटी वनगाई गा.वि.स. वडा नं. १ छोटी वनगाई घर भएकी सोहवाती मुराव र बेथरी वस्ने नन्दनी पाण्डेको पछि उपचारको क्रममा मृत्यु भएको देखियो । सोही घटनामा परी रुपन्देही जिल्ला मैनहिया गा.वि.स. वडा नं. ६ मुर्हहवा वस्ने दिपेन्द्र केवट सहनी, ऐ. जिल्ला हाटी वनगाई गा.वि.स. वडा नं. १ वस्ने सोरस्वती मुराव, ऐ. जिल्ला मैनहिया गा.वि.स. वडा नं. ५ वस्ने राम नरेश हरि जन, रुपन्देही जिल्ला मैनहिया गा.वि.स. वस्ने पुर्नवासी धोबी समेत ४ जना व्यक्तिहरु घाइते हुनुका साथै हाटबजारमा व्यापार गर्न वसेका व्यापारीहरुको सरसामान समेत नष्ट भई क्षति पुग्न गएको घटनाका सम्बन्धमा आयोगबाट खटिएको टोलीले गरेको स्थलगत अनुगमन प्रतिवेदन मिति २०७३।११।२० मा आयोगको बैठक समक्ष पेश हुन आएकोमा उक्त प्रतिवेदन माथि छलफल हुँदा देहाय बमोजिमका निर्णय गरियो :–

१. रुपन्देही जिल्ला गोनाहा गा.वि.स. वडा नं. ६ स्थित बेथरी वजार मा भएको घटनामा ४ वर्षीय बालक सहित ६ जना सर्वसाधारण व्यक्तिहरुलाई सुरक्षाकर्मीको गोली लागि मृत्यु भएका व्यक्तिहरुको सम्बन्धमा प्राप्त शव परीक्षण प्रतिवेदन सहितको अन्य तथ्य तथा प्रमाण अध्ययन एवं विश्लेषण गर्दा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको देखिदा दोषी पहिचान गरी कानून बमोजिम कारवाही गर्न सिफारिश गर्ने ।

२. प्रस्तुत घटनामा परी तत्काल मृत्यु भएका व्यक्तिहरु बाहेक पछि उपचारका क्रममा मृत्यु हुने सोहवाती मुराव र नन्दनी पाण्डेका हकवालाले हालसम्म पनि क्षतिपूर्ति नपाएको भन्ने देखिन आएकोले निजहरुका हकवालालाई आन्दोलनको क्रममा मृत्यु भएका अन्य पीडितको सरह क्षतिपूर्ति उपलब्ध गराउन ।

३. घाइते व्यक्तिहरु पुर्नवासी धोवी, रामनरेश हरिजन, सोरस्वती मुराव र दीपेन्द्र केवट सहनी समेतलाई उपचारको खर्च उपलब्ध गराउन तथा थप निःशुल्क उपचारको समेत व्यवस्था गर्न सिफारिश गर्ने ।

४. बेथरी वजारमा तत्कालीन समयमा हाटवजारमा व्यापार गर्न भनी आएका व्यापारीहरुको क्षतिको मूल्यांकन गरी वास्तविक क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने ।

## ४. जुम्ला सदरमुकाममा भएको आक्रमणमा मृत्यु भएका कर्मचारीहरुलाई उपलब्ध गराईको राहत क्षतिपूर्ति रकममा विभेद भएको भन्ने उजूरीको सम्बन्धमा

मिति २०५९/७/२८ मा जुम्ला सदरमुकाममा शसस्त्र द्वन्दको बेला तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) बाट आक्रमण हुँदा मृत्यु भएका मालपोत कार्यलयमा कार्यरत कार्यालय सहयोगी राम प्रसाद खनालको परिवारलाई रु.१ लाख ५० हजार उपलब्ध गराइएको, सोही घटनामा परी मृत्यु हुने प्रमुख जिल्ला अधिकारीका परिवारलाई रु. ७ लाख ५० हजार उपलब्ध गराएकोले भेदभाव भएको भनी आयोगमा उजूरी पर्न आएकोमा राज्यका पदाधिकारी सरह विना भेदभाव समान रुपमा क्षतिपूर्ति उपलब्ध गराउन आयोगको अनुसन्धान प्रतिवेदन बाट देखिन आएकोले विना भेदभाव समान रुपमा क्षतिपूर्ति राहत छात्रवृत्तिको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारीस गर्ने ।

**सबैका लागि घर घरमा मानवअधिकार,**

**शान्ति र विकासको आधार**

महिला माथि हुने हिंसा तथा सबै प्रकारका विभेदको खुलेर विरोध गरौं । महिला अधिकार हनन् भएमा नजिकको प्रहरी कार्यालय, स्थानीय निकाय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग तथा अदालतमा उजूरी गरौं ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# उपभोक्ताको हकहितले मानव अधिकार संरक्षण हुने : अध्यक्ष शर्मा

**पोखरा ।** राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय पोखराको आयोजनामा व्यवसाय र मानव अधिकार विषयक क्षेत्रीय सम्मेलन पोखरामा सम्पन्न भयो । उक्त सम्मेलनको उद्घाटन आयोगका अध्यक्ष श्री अनुप राज शर्माले गर्नुभएको थियो ।

उद्घाटनको क्रममा उहाँले मानव अधिकारको क्षेत्र व्यापक रहेको र पछिल्लो समयमा व्यवसाय र मानव अधिकारको विषय पनि जोडिँदै गएको उल्लेख गर्दै व्यवसाय नाफामुलक भएपनि यसले कानूनी दायरा भित्र रहेर व्यवसायिक गतिविधिहरु सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनुभयो । संयुक्त राष्ट्रसंघले व्यवसाय र मानव अधिकार सम्वन्धी सिद्धान्तहरु प्रतिपादन गरेको र हाम्रो छिमेकी राष्ट्र भारतको भोपाल ग्याँस दुर्घटनाका पीडितहरुको मानव अधिकारको विषय ज्वलन्त वनेको उदाहरण दिँदै राष्ट्रिय मानव अधिकार आयोगले व्यवसाय र मानव अधिकारसँग सम्वन्धित सवालहरुमा कार्य गर्दै आएको जानकारी दिनु भयो । व्यवसायीले उपभोक्ताको हकहीत र मानव अधिकारको संरक्षण जस्ता पक्षलाई ध्यानमा राख्दै व्यवसाय गर्दा वातावरणीय हानी नोक्सानी हुने जस्ता पक्षमा समेत सचेत रहनुपर्ने कुरामा उहाँले जोड दिनुभयो । सन् २०१५ देखि २०३० सम्मको दिगो विकासका १७ लक्ष्यहरु मध्ये ३ वटा लक्ष्य प्रत्यक्ष रुपमा व्यवसाय र मानव अधिकारसँग सम्वन्धित भएको र यस लक्ष्य पुरा गर्न सरकार एक्लैले नसक्ने हुँदा सबै मिलेर अगाडी बढ्नुपर्ने उहाको जोड थियो ।




त्यसैगरी आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले सम्मेलनले व्यवसाय र मानव अधिकार सम्बन्धी ज्ञानको अभिवृद्धि गर्नुका साथै मानव अधिकार र व्यवसायलाई बुझ्न मद्दत पुग्ने भन्दै मानव अधिकार देखिने, सुनिने मात्र नभई प्रत्यक्ष नागरिकले अनुभूति गर्ने खालको हुनुपर्नेमा जोड दिनुभयो ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले देशमा रहेको दण्डहीनताले व्यवसायीलाई हतोत्साहित बनाएको उल्लेख गर्दै, राजनीतिक दल र तिनका भातृसंगठनबाट समयसमयमा हुने बन्द हडताल र श्रमिकको आन्दोलनले उद्योग व्यवसायमा असर गर्ने गरेको उल्लेख गर्नुभयो । व्यवसाय नाफामुलक हुने भएकाले व्यवसायीहरुले गर्ने गलत कार्यबाट उपभोक्ता ठगिएको तथा गुणस्तरहीन वस्तु उत्पादन तथा वितरण भएमा सो सम्बन्धी कारवाही समेत उद्योग वाणिज्य संघले गर्दै आएको जानकारी उहाँले गराउनुभयो ।

उद्घाटन कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक यामकुमारी खतिवडा, कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनाली, वरिष्ठ मानव अधिकारकर्मी टेकनाथ बराल लगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा धौलागिरी र गण्डकी अञ्चल अन्तर्गत पर्वत, बाग्लुङ, म्याग्दी, स्याङ्जा, कास्की, तनहुँ, लमजुङ र गोरखा जिल्लाका जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ र उपभोक्ता मञ्चका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# शहीदहरूको सम्मान हुनुपर्नेमा जोड : सदस्य वस्ती



**काठमाण्डौ ।** यस वर्षको शहीद दिवसको अवसरमा शहीद तथा घाइते सरोकार मञ्च नेपालद्वारा आयोजित छलफल कार्यक्रम आयोगका सदस्य प्रकाश वस्तीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । कार्यक्रममा सदस्य वस्तीले शहीदहरुको अमूल्य योगदानको कदर गर्दै राष्ट्र र राष्ट्रियताप्रति सबैले गम्भीर हुनुपर्ने कुरा बताउनु भयो । उहाँले शहीदहरूले योगदान नदिएको भए राष्ट्र नै रहने थियो कि थिएन, हाम्रो अवस्था पनि के हुने थियो, आज हामी यसरी स्वतन्त्र, सार्वभौम र लोकतान्त्रिक राष्ट्रको नागरिक भनेर चिनिनुमा शहीदहरुको अमुल्य योगदानलाई नकार्न सकिदैंन भन्नेमा जोड दिनुभयो । साथै उहाँले शहीद तथा घाइतेहरुको परिवारको हितमा राष्ट्रिय मानव अधिकार आयोगले विगतमा पनि कार्य गरेको, गरिरहेको तथा भविष्यमा पनि गर्नेछ भनी जानकारी गराउनु भयो । कार्यक्रममा शहीद परिवारका सदस्यहरु,मानव अधिकारकर्मी तथा राजनीतिक दलका प्रतिनिधिहरुको पनि उपस्थिति थियो ।

# आयोगको उच्चस्तरीय टोलीद्वारा कारागार तथा हिरासतको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदिप पाठकको नेतृत्वको उच्चस्तरीय टोलीले मकवानपुरको भीमफेदी क्षेत्रीय कारागार, पर्साको बिरगञ्ज कारागार, रौतहटको गौर जिल्ला कारगार र महोत्तरीको जलेश्वर कारागार तथा हिरासतको अनुगमन गरेको छ। आयोगलाई प्राप्त संवैधानिक दायित्व तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले गरेको व्यवस्था अनुसार कारागारको अनुगमन गरिएको हो ।




अनुगमनको क्रममा सबै कारागारमा क्षमता भन्दा बढी थुनुवाहरु राखिएको, कैदीबन्दीहरुले चिसो भुईंमा सुत्नुपर्ने बाध्यता रहेको पाईएको थियो । कैदीबन्दीहरुको लागि पर्याप्त औषधी उपचारको व्यवस्था नभएको, गौर कारागारको महिला बस्ने कोठाहरु चर्कीएकोले जोखिमयुक्त अवस्थामा रहेको, विरगञ्ज कारागार हाताभित्र समता विद्यालय सञ्चालनमा भएपनि बालमैत्री वातावरण नभएको र बालअधिकारको सम्मान नभएको पाईएको थियो । जलेश्वर कारागारमा महिलाले प्रयोग गर्ने शौचालय एक मात्र रहेकोले समस्या भएको र कारागार बाहिर ढल निकास बन्द भएकोले भित्र दुर्गन्ध फैलिएको, महोत्तरी कारागारमा झ्यालको खापा नभएकोले अविलम्ब व्यवस्थापन गर्नुपर्ने तथा सुरक्षा निकाय तथा कर्मचारीलाई समेत शौचालयको अभाव रहेको लगायतका समस्या अनुगमनका क्रममा पाइएको थियो ।

टोलीले अनुगमनको क्रममा कारागारको क्षमता, हाल रहेका कैदी बन्दीको संख्या र अवस्था, सुचना तथा सञ्चारको अवस्था, कानूनी संरक्षण तथा पहुँचको अवस्था, स्वास्थ्य तथा शैक्षिक सुविधाको अवस्था, यातना, अमानवीय व्यवहा तथा र्दुव्यवहारको अवस्था लगायतका विषयमा कारागार प्रमुख, कैदीबन्दीहरु र सुरक्षाकर्मीहरुसँग आवश्यक जानकारी लिएको थियो। साथै सो क्रममा प्राप्त भएका तथ्यहरुको आधारमा आयोगको टोलीद्वारा कारागारको अवस्था सुधारको लागि सुझाव तथा निर्देशन समेत दिइएको थियो।

# आयोग सदस्य द्वारा हिरासत अनुगमन

**नेपालगञ्ज** । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मोहना अन्सारीको नेतृत्वको टोलीले फागुन ६ गते इलाका प्रहरी कार्यालय कोहलपुर, जिल्ला प्रहरी कार्यालय बाँके र वडा प्रहरी कार्यालय नेपालगञ्जमा रहेका थुनुवाहरुको मानव अधिकारको अवस्थाका बारेमा हिरासत अनुगमन गरी जानकारी लिएको छ।



अनुगमन टोलीले कोहलपुर इलाका प्रहरी कार्यालयको हिरासत अनुगमनका क्रममा १ जना महिला र १७ जना पुरुष गरी १८ जना थुनुवालाई राखिएको, हिरासतमा राखिएकाहरुलाई कानून बमोजिम पक्राउ पूर्जी र थुनुवा पूर्जी दिइएको, हिरासतमा बालबालिका, जेष्ठ नागरिक नभएको र थुनुवाहरुलाई कुनै प्रकारको यातना दिएको पाइएन् । विरामी हुँदा थुनुवाहरुलाई स्वास्थ्य जाँच तथा औषधी उपचारका लागि लैजाने गरिएको, खानेपानी, खाना बस्नु तथा सौचालयको व्यवस्था भएको पाइयो । थुनुवा कक्षमा उडुस र लामखट्टेको समस्या रहेको थुनुवाहरुले गुनासो गरे। केही थुनुवाले निजी कानून व्यवसायी राखेको पाइयो ।

जिल्ला प्रहरी कार्यालयको हिरासत अनुगमनका क्रममा थुनुवाको चाप धेरै भएको पाइयो। अनुगमनका क्रममा १ जना महिला र ५३ जना पुरुष गरी ५४ जनालाई जवरजस्ती रुपमा थुनुवा कक्षमा राखिएको र उनीहरुमध्ये पुरुषको संख्या धेरै भएकोले बसोवासमा समस्या भएको पाइयो। १ जना महिला लागु औषधमा पक्राउ परेकी र उनलाई छुट्टै एक कोठामा राखिएको साथै ५३ जना पुरुषलाई साना ठूला गरी ४ ओटा कोठामा राखिएको पाइयो। थुनुवामध्ये सबैभन्दा बढी २८ जना लागु औषध,१३ जना सार्वजनिक अपराध, ७ जना चोरी, ४ जना सवारी ज्यान, १ जना मानव बेचबिखन र १ जना कर्तव्य ज्यान मुद्दामा अनुसन्धानका लागि पक्राउ गरी राखिएको पाइयो । पक्राउ परेका सबैजनालाई कानून बमोजिम पक्राउ पूर्जी, थुनुवा पूर्जी दिइएको, कुटपिट तथा यातना नदिइएको पाइयो । साथै थुनुवाको चापका कारण बसोवासमा समस्या भएको, थुनुवा कक्ष तथा सौचालयको सरसफाई नभएको तथा ४ जना बालकलाई समेत चोरी आरोपमा अन्य बयस्क थुनुवासंग राखिएको पाइयो ।

अनुगमनका क्रममा देखिएका समस्याका बारेमा आयोगका सदस्य मोहना अन्सारीले तत्कालै जिल्ला प्रहरी कार्यालयका प्रमुख टेकप्रसाद राईको ध्यानाकर्षण गराई समस्या समाधानका लागि निर्देशन दिनु भएको थियो । जिल्ला प्रहरी कार्यालयले महिला तथा बालबालिका सेवा केन्द्र, नागरिक सहायता कक्ष आदिबाट सर्वसाधारणलाई छिटो, छरितो र प्रभावकारी समस्या समाधानका लागि उजूरी लेखन फर्मको समेत व्यवस्था गरी सहज बनाएको पाइयो। वडा प्रहरी कार्यालयमा ३ जना चोरी घटनाको अनूसन्धानका लागि पक्राउ गरिएका पूरुषलाई राखिएको पाइयो । उक्त आरोपितलाई फागुन ६ गते आयोगको हिरासत अनुगमन अगाडि पक्राउ गरी थुनुवा कक्षमा राखिएको पाइयो । थनवा कक्षमा कुने समस्या नभएको र व्यवस्थित रहेको पाइयो।

# आयोगद्धारा विभिन्न कारागारको अनुगमन सम्पन्न

**नेपालगञ्ज ।** राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको टोलीले फागुन ४ गते डोल्पा जिल्ला कारागारलगायत जिल्लास्थित सरकारी कार्यालयको अनुगमन गरी कार्यालयबाट प्रवाह हुने सेवा मानव अधिकारमैत्री भए नभएको विषयमा जानकारी लिएको छ ।

आयोगको टोलीले अनुगमनका क्रममा सरकारले तयार पारेको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि सरकारी निकायलाई निर्देशन दिएको छ ।

मानव अधिकार संरक्षण र सम्बर्धनका लागि छिटो छरितो, सर्वसुलभ रूपमा सेवा प्रवाह गर्न आयोगको टोलीले आग्रह गरेको छ भने कार्यालय प्रमुखहरूले मानव अधिकारको मूल्य, मान्यता र सिद्धान्त अनुरुप सर्वसाधारणलाई आफ्ना सेवाहरू प्रदान गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् ।

अनुगमनका क्रममा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मानबहादुर बुढाले मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुरुप नियमित कार्यसम्पादन गरिएको भएपनि सोही अनुरुप अभिलेखीकरण नहुँदा कार्ययोजना कार्यन्वयन प्रभावकारी नदेखिएको बताए ।

आयोगका मानव अधिकार अधिकृत टङ्कप्रसाद खनालको नेतृत्वमा गएको टोलीले जिल्ला कारागारको अनुगमन गरेर भौतिक संरचना, कैदी बन्दीको समस्या तथा उनीहरूमाथि गरिने व्यवहारलगायत समग्र अवस्थाको बारेमा जानकारी लिएको हो । 'ङ' वर्गको कारागारको क्षमता २५ जना रहेकोमा हाल ३१ जना बन्दी रहेका छन् । जीर्ण भौतिक संरचना भएको कारागारमा क्षमता भन्दा बढी बन्दीलाई राखिनु मानव अधिकार विपरीत भएकाले उनीहरूलाई सुरक्षित र सहज बसाइको वातावरण बनाउन सम्बन्धित निकायलाई अनुगमन ठोलीले ध्यानाकर्षण गराएको थियो

मानव अधिकार टोलीसमक्ष बन्दीका नाइके धार्के लामाले सामान्य बिरामी हुँदा आवश्यक औषधि नपाउने गरेको र पाएपनि महङ्गो भएकाले पसलमा किनेर खानसक्ने अवस्था नरहेको गुनासो गरे ।

कारागारमा एचएको दरबन्दी भएपनि कार्यरत नहुँदा नियमित स्वास्थ्य जाँचमा समेत समस्या हुने गरेको कैदी बन्दीहरूले गुनासो गरे । लामाले डोल्पा जस्तो दुर्गम ठाँउमा सरकारले उपलब्ध गराउँदै आएको दैनिक भत्ता ४५ रुपियाँले दैनिक खर्चटार्न समस्या भएकाले रकम बढाइदिन आवश्यक पहल गर्न आयोगसँग आग्रह गरे ।

औषधि खर्चका लागि आउने बजेट थोरै भएको र भएको बजेट सकिएकाले थप औषधि खरिदमा समस्या भएको कारागारका निमित्त प्रमुख दिलबहादुर बरालले बताए ।

यसैगरी टोलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला कारागार लगायतका निकायको अनुगमन गरी जिल्लाको मानव अधिकार अवस्थाका बारेमा जानकारी लिएको थियो ।

यसैगरी राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको टोलीले जिल्ला कारागार प्युठाानको फागुन १७ गते अनुगमन गरेको छ । जिल्ला कारागारभित्र कैदी बन्दीहरूले भोग्दै आएका समस्याको बारेमा टोलीले अनुगमन गरेको हो ।

राणााकालमा स्थापना भएको घोडा बाँध्ने तवेलामा अवस्थित 'घ' श्रेणीको प्युठान जिल्ला कारागारमा क्षमता भन्दा तेब्बर कैदी बन्दी राख्नुपर्दा समस्या भएको नाइके रुद्रप्रसाद आचार्यले बताए ।

उनले सरकारले कैदी बन्दीहरूलाई दिने राशन कम भएको गुनासो गर्दै यसको सुनुवाइ गरिदिन आयोगको अनुगमन टोलीसँग अनुरोध गरे । हाल जिल्ला कारागारमा ४७ पुरुष कैदी, १३ महिला कैदी गरी ६० जना कैदी र चार जना थुनुवा रहेको कारागार प्रमुख सुर्यबहादुर पन्तले बताए ।

आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जका मानवअधिकार अधिकृत टङ्कप्रसाद खनालको नेतृत्वमा रहेको उक्त टोलीले कारागारसंगै जिल्लाको शान्ति सुरक्षा, मानव अधिकारको अवस्था, ज्येष्ठनागरिकको अधिकारको अवस्थालगायतको विषयमा जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय, जेष्ठनागरिक समन्व्य केन्द्र, जिल्ला विकास समिति, जेष्ठ नागरिकहरु, यातायात व्यवसायी लगायतसंग भेटघाटतथा छलफलसमेत गरेको थियो ।

# मानव अधिकार संरक्षणमा प्रहरीको भूमीका महत्वपूर्ण



काठमाण्डौ । राष्ट्रिय मानव अधिकार आयोग र महानगरिय प्रहरी कार्यालयको आयोजनामा मानव अधिकार को संरक्षणमा नेपालप्रहरीको भूमिका बिषयक एक दिवसिय कार्यशाला सम्पन्न भएको छ । उक्त कार्यशालाको उदघाटन आयोगका सदस्य गोविन्द शर्मा पौडेलले गर्नं भएको थियो ।

कार्यक्रममा आयोगका सचिव वेद प्रसाद भट्टराई, प्रहरी प्रधान कार्यालय अ.अ. विभागका प्रमूख प्र.अ.म.नि. विज्ञानराज शर्मा, महानगरिय प्रहरी कार्यालयका प्र.अ.म.नि. प्रताप सिहं थापाको उपस्थिती रहेको थियो । कार्यशालामा महानगरिय प्रहरी कार्यालयको तर्फबाट प्र.ब.उ. सूर्य प्रसाद उपाध्यायले हिरासत व्यवस्थान सम्बन्धमा कार्यपत्र, आयोगका उपनिर्देशकद्धय कोषराज न्यौपाने र यज्ञप्रसाद अधिकारीले आयोगको अनूगमन र मानव अधिकारको संरक्षणमा प्रहरीको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नं भएको थियो । कार्यशालाको समापनमा आयोगका सदस्य सुदिप पाठकको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यशालामा जम्मा ८३ जना प्रहरी अधिकृतहरुको सहभागिता रहेको थियो ।



# सरकारी सेवा मानव अधिकारमैत्री हुनुपर्नेमा जोड : सदस्य शर्मा

**सुर्खेत ।** राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री गोविन्द शर्मा पौड्यालसहितको उच्चस्तरीय अनुगमन टोलीले सुर्खेत जिल्लामा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छ ।




अनुगमनको क्रममा टोलीले प्रमुख जिल्ला अधिकारीसँग छलफल गरेको थियो भने जिल्लास्थित सरकारी निकायका प्रमुख, सञ्चार कर्मी, कानून व्यवसायी र मानव अधिकारकर्मीहरुसँग अन्तरक्रिया गरेको थियो । आयोगका सदस्य पौड्यालले जिल्लास्थित सरकारी निकायका प्रमुखहरुलाई सरकारी सेवालाई मानव अधिकारमैत्री बनाउन, व्यक्तिको व्यक्तिगत हैसियत र पहुँचका आधारमा सेवा प्रवाह नगरी दुर्गम, पछाडी पारिएका र सबै किसिमबाट अधिकारबाट बञ्चितीकरणमा परेका एवं सबै पक्षबाट कमजोर नागरिकहरुले मानव अधिकारको अनुभुति गर्ने गरी सेवा प्रवाह गर्न निर्देशन दिनु भएको थियो ।

त्यसैगरी जिल्लास्थित सरकारी निकायबाट मानव अधिकार कार्ययोजना कार्यान्वयन सम्बन्धमा भएका गतिविधिहरुको प्रतिवेदनसमेत संकलन गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, शैक्षिक तालीम केन्द्र, जिल्ला जनस्वास्थ्य कार्यालय, महिला तथा बालबालिका कार्यालय, नेपाली सेना सैनिक तालीम केन्द्र, जिल्ला प्रहरी कार्यालय, शहरी आवास तथा भवन निर्माण कार्यालय लगायत जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरु, गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ, जिल्ला बार एशोसियसन लगायतका प्रमुखसहित ४८ जनाको सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा अधिकांश कार्यालय प्रमुखहरुले आआफ्ना कार्यालयबाट सम्पादन भएका कार्य र मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अवस्थाका बारेमा आयोगलाई जानकारी गराएका थिए । कार्यक्रममा आयोगका निमित्त क्षेत्रीय निर्देशक मुरारिप्रसाद खरेलले मानव अधिकार राष्ट्रिय कार्ययोजनाका बारेमा सहजीकरण गर्नु भएको थियो ।

# मानव अधिकार शिक्षा ग्रामीण तहसम्म पुऱ्याउनु पर्ने




**पोखरा।** राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले इन्सेकद्धारा प्रकाशित मानव अधिकार बर्ष पुस्तक २०१७ एक समारोहका वीच सार्वजनिक गर्दै मानव अधिकार वर्ष पुस्तक २०१७ लाई ग्रामिण तहका विद्यालय तथा जनतासम्म पुऱ्याउनु पर्ने वताउनु भयो । सदस्य पौडेलले मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा ईन्सेकले गरेको कार्यले मानव अधिकारमैत्री समाज र मानव अधिकारको उल्लंघनका विषयवस्तुहरूलाई अभिलेखीकरणको माध्यमवाट कुन समयमा के कति मानव अधिकारका घटनाहरु उल्लंघन भएभन्ने विषयको जानकारी दिने सम्वन्धमा यस वर्ष पुस्तक २०१७ एउटा दस्तावेजको रुपमा रहने छ भन्नु भयो ।

सो कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी हरी प्रसाद मैनाली, कास्की जिल्ला प्रहरी कार्यालयका प्रमुख घनश्याम अर्याल, पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालयका एसपी वसन्त कुँवर ,सशस्त्र प्रहरी वल मुक्तिनाथ वाहीनिका निमित्त डि.आई.जी कृष्णभक्त वज्राचार्य लगायत नागरिक समाज, मानवअधिकार कर्मी, विभिन्न राजनितिक पार्टीका प्रमुख, संचारकर्मि तथा प्रतिनीधीहरू जिल्ला तथा उच्च अदालतका न्यायाधिस, वारका प्रमुखहरु ,पत्रकार लगायत ५० जना सहभागीहरुको उपस्थिती रहेको थियो ।

# आयोगद्धारा द्वन्द्व पीडितसाग अन्तरक्रिया सम्पन्न

नेपालगञ्ज । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्ज आयोजनामा ‘सङ्क्रमणकालीन न्याय प्रक्रिया र सरोकार वालाको भूमिका’ विषयक अन्तरक्रियो रोल्पाको लिवाङमा सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै प्रमूख जिल्ला अधिकारी डा.डिजन भट्टराईले मानव अधिकार अवस्था अझैपनि चूनौतिपूर्ण रहेकोले आयोगले निरन्तर रुपमा अनुगमन र अनुसन्धानलाई जारी राख्नुपर्ने बताए । उनले द्वन्द्व पीडितको न्यायकालागि प्रशासन कार्यालय आयोगसंग समन्वय र सहकार्य गर्दै अगाडी बढ्नेमा जोड दिनु भयो ।

कार्यक्रममा सहभागीहरुले रोल्पा जिल्लामा सशस्त्र द्वन्द्वको समयमा स्थापित आयोगको कार्यालय शान्ति प्रक्रियासंगै विस्थापित भएकोमा चिन्ता व्यक्त गर्दै मानवअधिकारको अनुसन्धान र अनुगमनका लागि रोल्पा जिल्लामा आयोगको सम्पर्क कार्यालय आवश्यक रहेको बताए । कार्यक्रममा सहभागी द्वन्द्वपीडितहरूले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले उजूरी संकलन गरेपनि अनुसन्धान कार्यमा ढिलाई गरेको भन्दै गुनासो गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जका मानव अधिकार अधिकृत टङ्कप्रसाद खनालले मानव अधिकारको पालनाका लागि सबै क्षेत्रबाट सहयोगको अपेक्षा राख्दै आयोगले निरन्तर रुपमा मानवअधिकारको अनुगमन र अनुसन्धान गर्दै आएको उल्लेख गर्नं भयो । मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि आयोगले सरोकारवाला निकायसंग समन्वय र सहकार्यमा जोड दिएको उहाँको भनाई थियो ।

# यातना गम्भिर अपराध




राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयको आयोजनामा आयोगका क्षेत्रिय कार्यालयहरु विराटनगर, पोखरा, नेपालगञ्ज तथा उपक्षेत्रिय कार्यालय बुटवलमा यातना विरुद्धको अधिकार र संक्रमणकालिन न्याय सम्बन्धी दुईदिने तालीम सम्पन्न भएको छ ।

आयोगका सदस्य श्री गोविन्द शर्मा पौड्यालले तालिमले गर्ने उद्घाटन क्रममा कुनैपनि बहानामा यातना दिनु गम्भीर अपराध भएकोले सरकारी निकायले माथिको आदेश वा अनुसन्धानको नाममा यातना दिन नपाइने उल्लेख गर्नं भएको थियो । साथै उहाँले यातनामा संलग्न कसैलाई पनि उन्मुक्ति दिन नसकिने कुरा जानकारी गराउनुभएको थियो

तालिममा सबै क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालय अन्तर्गतका जिल्लाका जिल्ला प्रहरी कार्यालय, मुद्दाशाखाका प्रहरी अधिकृतहरु, जिल्ला वन कार्यालयका अधिकृतस्तरका कर्मचारीहरु, यातना विरुद्धको अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, पीडित परिवारका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

तालीममा यातनासम्बन्धी अवधारणा र अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, संक्रमणकालीन न्याय, यातना पीडित र उनीहरुको अधिकार प्रचलनको अवस्था, यातना रोकथामका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका पहल, चूनौती र समाधानका उपयहरु लगायतका विषयमा सहभागीहरुले जानकारी प्राप्त गरेका थिए ।

# मानव अधिकार शिक्षा कार्यक्रम

**दोलखा ।** "सबैका लागि घरघरमा मानव अधिकार; शान्ति र विकासको आधार" भन्ने राष्ट्रिय मानव अधिकार आयोगको नारालाई कार्यान्वयन गर्ने सिलसिलामा दोलखा जिल्लाको चरिकोट र जिरीमा आधारभुत मानव अधिकार तालिम सम्पन्न भएको छ । तालिममा वडा नागरिक मञ्चका प्रतिनिधि तथा सामाजिक परिचालकहरु, नगरपालिकाका कर्मचारीहरु र विभिन्न महिला समूहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । चरिकोटमा सम्पन्न कार्यक्रममा ४१ जनाले तालिम प्राप्त गरेका थिए भने जिरी नगरपालिकामा ३२ जना सहभागीले तालिम प्राप्त गरेका थिए । तालिम कार्यक्रममा भिमेश्वर नगरपालिकाका कार्यकारी अधिकृत नरबहादूर विश्वकर्माले मानव अधिकार आयोगको भूमिका सराहनीय भएको उल्लेख गर्दै स्थानीय निकायबाट हूने कार्यक्रम सञ्चालन गर्दा मानव अधिकारको संरक्षण र सम्वर्द्धन हूने गरी अगाडी बढिरहेको र बढिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पत्रकार महासङ्घका जिल्ला सभापति एवम् इन्सेकका प्रतिनिधि श्री उद्धव पोखरेलले स्थानीय स्वायत्त शासन जनपरिचालन, मानव अधिकार संरक्षणमा वडा नागरिक मञ्च र सामाजिक परिचालक कसरी जिम्मेवार बन्न सक्छन भन्ने विषयमा प्रस्तुतीकरण गर्नुको साथै मानव अधिकारको वर्तमान अवस्थाका सम्बन्धमा सङ्क्षिप्त कुरा राख्नु भएको थियो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत श्री हरिप्रसाद ज्ञवाली, कैलाशकुमार सिवाकोटी र प्रशासकीय अधिकतृ लक्ष्मी राईले मानव अधिकारको अवधारणा, मानव अधिकार उल्लघङ्न, ज्यादती र उपचार संयन्त्रहरूको बारेमा प्रस्तुत गर्नुभएको थियो । तालिममा मानव अधिकार शिक्षासम्बन्धी छलफलपश्चात् कार्यक्रममा उपस्थित सहभागीमार्फत आगामी कार्यकम तथा आयोगको भूमिकामाथि अपेक्षासमेत सङ्कलन गरिएको थियो ।

# घर-घरमा मानव अधिकार सचेतनामुलक कार्यक्रम सम्पन्न

**नेपालगञ्ज ।** राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा घर-घरमा मानव अधिकार शान्ति र विकासको आधार विषयक सचेतनामुलक कार्यक्रम सम्पन्न भयो ।

आयोगले तर्जमा गरेको सन् २०१५ देखि सन् २०२० सम्मको छ वर्षीय रणनीतिक योजनामा मानव अधिकार शिक्षालाई घर-घरमा पुऱ्याई मानवअधिकार संस्कृतिको विकास गर्ने दुरदृष्टि अनुरुप सचेतनामुलक कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयका निमित्त निर्देशक मुरारी प्रसाद खरेलले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८,राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना तथा घर-घरमा मावनअधिकार सचेतना पुऱ्याउनका लागि आयोगले सरोकारवाला निकायसंग गरेको समन्वय र सहकार्यका बारेमा सहजीकरण गर्नं भएको थियो ।

मानव अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु मार्फत घर घरमा मानव अधिकार शिक्षा पुऱ्याउनका लागि आयोग प्रतिबद्ध रहेको र सोही अनुरुप समुदायलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा जिल्लास्थित बालबालिका, महिला, मधेशी, दलित, मुश्लिम, थारु समुदाय,तेस्रो लिङ्गी, राजनीतिक दलका प्रतिनिधि द्वन्द्वपीडित, एकल महिला गैरसरकारी संस्थाका प्रतिनिधि, स्थानीय नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी, कानून व्यवसायी, लगायत दुई सय जनाको सहभागीता

रहेको थियो ।

कार्यक्रममा सहभागीहरुले स्थानीय स्तरमा मानवअधिकारका विषयमा आफुले भोगेका समस्याहरु राख्दै मानवअधिकार आयोगलाई यस किसिमका सचेतनामुलक कार्यक्रमहरु ग्रामिण तथा गाउँ समुदायसम्म सञ्चालन गर्नका लागि आग्रह गरेका थिए । कार्यक्रमको सञ्चालन आयोगका मावनअधिकार अधिकृत टंकप्रसाद खनालले गरेका थिए ।

**राष्ट्रिय मानव अधिकार आयोगको रेडीयो**
**सचेतनामूलक कार्यक्रम "सिमान्तकृत आवाज"**

Radio City FM, Kathmandu- 98.8 MHz (Every Tuesday, 6.00 – 6.15 PM)

Nuwakot FM, Nuwakot- 106. 8 MHz (Every Tuesday, 6.00- 6.15PM)

Radio Sailung, Dolakha- 92.7 MHz ( Every Tuesday, 5.45- 6.00 PM)

**Radio Program Download Link:** http://www.nhrcnepal.org/nhrc_radio.html

# लोपोन्मुख सुरेल जातिको मानव अधिकार अवस्था अनुगमन



**दोलखा ।** राष्ट्रिय मानव अधिकार आयोगबाट खटिएको एक टोलीले लोपोन्मुख सुरेल समदायको मानव अधिकारको अवस्था अनुगमन गरेको छ । नेपाल सरकारले सुचिकृत गरेको ५९ आदिवासी जनजाति मध्ये सुरेल समुदाय एक हो । नेपालमा सुरेल समुदायको जनसंख्या २१० मात्र रहेको छ । राउटे, कुसुण्डा जस्तै नेपालको १० वटा लोपोन्मुख समुदायमा सुरेल समुदाय पनि पर्दछ । दोलखा जिल्लाका सुरी गाविस अन्तर्गत सुरी गाउँमा सुरेल समुदायको वसोवास रहेको छ । अनुगमन टोलीले पहिचान, प्राकृतिक श्रोतको व्यबस्थापन, परामर्श सहभागिता र प्रतिनिधित्व, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, सामाजिक सुरक्षा लगायतका १२ वटा सवालहरूमा आधारित रही रुजुसुचि बनाई अनुगमन गरेको थियो । अनुगमनको क्रममा सरोकारवालासँग अन्तर क्रिया गर्नुका साथै दोलखा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, शिक्षा कार्यालय, कृषि विकास कार्यालय, महिला तथा वालवालीक कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र, विद्यालयको भ्रमण तथा सुरेल समुदायमा केन्द्रित रही काम गरिरहेका नागरिक समाजसँग पनि आवश्यक जानकारी लिइएको थियो । आयोगको टोलीले मिति २०७३ फागुन ८ गतेदेखि १५ गतेसम्म सुरी गाउँमा पुगेर स्थलगत अनुगमन गरेको थियो ।

---

# आयोगबाट पौष र माघ महिनामा भएका निर्णयहरु: तथ्यांक

ललितपुर । राष्ट्रिय मानव अधिकार आयोगबाट गत पौष र माघ महिनामा आयोगमा पर्न आएका उजूरीहरुउपर गरिएको अनुसन्धान तथा अनुगमनको आधारमा सिफारिस, तामेली तथा खारेजी सम्बन्धी निर्णय गरेकोछ । गत पौष महिनामा ७३ वटा र माघ महिनामा ९१ उजूरीहरु उपर निर्णय भएका छन् । जसमा ४ वटा सिफारिसहरु मुख्य रुपले रहेका छन् ।

मध्यपश्चिम क्षेत्रमा चिकित्सकले विरामीलाई औषधी प्रयोग गर्ने विधि सम्बन्धमा स्पष्ट जानकारी नगराएको कारण आम सेवाग्राही उपभोक्ता पीडित रहेकोले कारवाही गरीपाउँ भनी पर्न आएको उजूरीमा चिकित्सकले प्रेस्क्रृप्सनमा स्पष्ट बुझिने गरी औषधीको असर, प्रभाव बारे स्पष्ट जानकारी गराउने व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य मंत्रालय, मेडिकल काउन्सीललाई नीतिगत सिफारिस गर्ने निर्णय गरेको छ ।

शारीरीक अपाँगता र आर्थिक अवस्था कमजोर भएकालाई अपाङ्गता भएका व्यक्तिको पालन पोषणको लागी नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

मिति २०५९/७/२८ जुम्ला सदरमुकाममा शसस्त्र द्वन्दको बेला तत्कालीन विदोही पक्ष नेकपा (माओवादी) बाट अनुगमन हुँदा मृत्यु भएका मालपोत कार्यलयमा कार्यरत कार्यालय सहयोगी राम प्रसाद खनालको परिवारलाई रु.१ लाख ५० हजार उपलब्ध गराइएको, सोही घटनामा परी मृत्यु हने प्रमुख जिल्ला अधिकारीका परिवारलाई रु. ७ लाख ५० हजार उपलब्ध गराएकोले भेदभाव भएको भनी आयोगमा उजुरी पर्न आएकोमा राज्यका

पदाधिकारी सरह विना भेदभाव समान रुपमा क्षतिपूर्ति उपलब्ध गराउन आयोगको अनुसन्धान प्रतिवेदन बाट देखिन आएकोले विना भेदभाव समान रुपमा क्षतिपूर्ति राहत छात्रवृत्तिको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारीस गर्ने निर्णय गरेको छ ।

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-१४ बस्ने विजया सुवेदीले २०६२/६३ को जनआन्दोलन को क्रममा २०६३/१/५ गते सभागृह चोकमा सुरक्षकर्मीले चलाएको टियर ग्यास र लाठीचार्जबाट घाइते भई प्रभावकारी उपचार नभएकोले अनुसन्धान प्रतिवेदन अनुसार निजको निरन्तर स्वास्थ्य उपचार गराउन रु.१ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारीश गर्ने निर्णय गरेको छ ।

# सूचनाको हक सम्बन्धमा आयोगका गतिविधि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित गर्नुपर्ने त्रैमासिक कार्यसम्पादन विवरण (प्रमुख क्रियाकलापहरु) माघको पहिलो साता आयोगबाट प्रकाशित गरिएको छ। प्रकाशित विवरणमा आयोगको स्वरुप र प्रकृति, आयोगको दुरदृष्टि, आयोगको ध्येय, आयोगको लक्ष्य, आयोगको मूल्य मान्यता, आयोगको रणनीतिक उद्देश्य, आयोगको पाचौं रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरु, आयोगको काम, कर्तव्य र अधिकार, आयोगमा रहने कर्मचारी संख्या, दरबन्दी विवरण र कार्य विवरण, आयोगको सांगठनिक संरचना, आयोगका विभागहरु, र विभागले गर्ने कामहरु, आयोगबाट प्रदान गरिने सेवा, आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णय उपर उजूरी सुन्ने अधिकारीको बारेमा उल्लेख छ।

यसैगरी उक्त विवरणमा आयोगले २०७३ कार्तिक देखि पुससम्म सम्पादन गरेको प्रमुख कामको विवरण, सुचना अधिकारी र कार्यालय संस्था प्रमुखको नाम र पद, आयोग सम्बद्ध सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, यस अवधिको आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण पनि उल्लेख गरिएको छ।

प्रतिवेदन अवधिमा आयोगमा परेका मानव अधिकार हननका ७३ वटा उजूरीहरुमा आयोगबाट निर्णय भएको, २७ वटा उजूरीहरुमा अनुसन्धान सम्पन्न भएको, २५ वटा मानव अधिकार अनुगमन सम्पन्न, ग्एच ब्अतष्यल एबिल मस्यौदाको तयारी गरिएको, NHRAP Report अन्तिम मस्यौदा तयार, रणनीतिक योजनाको संशोधन र वार्षिक कार्ययोजनाको कार्यान्वयन सम्बन्धी छलफल सम्पन्न भएको, आयोगको आ.व. २०७२/०७३ को प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरिएको, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम सम्पन्न गरिएको, विभिन्न तहका १७ जना कर्मचारीहरुको पदपुर्ति भएको, मानव अधिकारसम्बन्धी जर्नल संवाहकको तेस्रो अंक प्रकाशन भएको कुरा उल्लेख छ।

यस्तै ७ वटा संवैधानिक आयोगहरुको लागि सरकारबाट तयार गरिएको ऐन मस्यौदामा सुझाव संकलन गरिएको, मानव अधिकार आयोगबाट

भएका महत्वपूर्ण निर्णयहरुको संकलन भाग २ प्रकाशन भएको, रसुवा, नुवाकोट र सिन्धुलीमा मानव अधिकार तालिम सम्पन्न भएको प्रजनन स्वास्थ्य सम्बन्धमा विद्यालय संचालक र शिक्षकहरुसँग छलफल भएको, कतार मानव अधिकार समिति र आयोग बीच आप्रवासी कामदारको अधिकारको विषयमा सम्झौता सम्पन्न भएको TIP (Trafficking in Person) २०१३-१५ को सिफारिस कार्यान्वयन सम्बन्धमा छलफल कुरा प्रतिवेदनमा उल्लेख छ।

आयोगको केन्द्रीय कार्यालयबाट प्रकाशित उक्त त्रैमासिक प्रतिवेदन आयोगको वेभसाइट www.nhrcnepal.org (http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/103837735Nepal_NHRC_Right_to_Information_3_Month_Nep_Report.pdf http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/103837735Nepal_NHRC_Right_to_Information_3_Month_Nep_Report.p) मा पनि हेर्न सकिने छ।

यस्तै आयोगका सबै क्षेत्रीय कार्यालयहरुले समेत आआफ्नो कार्यालयको त्रैमासिक प्रकाशन गरेका छन्। आयोगले आफ्ना सबै केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरुमा सुचना अधिकारी तोकेको छ। आयोगका सबै कार्यालयहरुको सुचना अधिकारीहरुको नाम आयोगको वेभसाइट http://www.nhrcnepal.org/nhrc_activities_details-200.html मा हेर्न सकिन्छ।

## सूचना अधिकारी (Information Officer)

**Dr. Tikaram Pokharel**
**(डा. टिकाराम पोखरेल)**
Deputy Director (उप निर्देशक)
Phone: 015010015 Ext: 108
Mobile: 9851222525
Email: Information.Officer@nhrcnepal.com

**आयोगका सबै कार्यालयका सूचना अधिकारीहरूको नामावली (Name List of NHRC Outreach Information Officer)**

## मानव अधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी गरौं ।

**उजूरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।**

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी कारबाही गराउन र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

**उजूरी दिने ठेगाना:**


**राष्ट्रिय मानव अधिकार आयोग**

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोन: ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००

इमेल:complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook:www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal

Twitter: @NepalNHRC

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,

फोन: ०२१-४६१९३१, ४६१०९३, फ्याक्स: +९७७-२१-४६११००, इमेल:nhrcbrt@nhrcnepal.org

मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर,

फोन: ०४१-५२७८११, ५२७८१२ फ्याक्स: +९७७-४१-५२७२५०, इमेल:nhrcjnk@nhrcnepal.org

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा,

फोन: ०६१-४६२८११, ४६३८२२, फ्याक्स: ९७७-६१-४६५०४२, इमेल:nhrcpkr@nhrcnepal.org

मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज,

फोन: ०८१-५२६७०७, ५२६७०८, फ्याक्स: ९७७-८१-५२६७०६, इमेल:nhrcnpj@nhrcnepal.org

सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी,

फोन: ०९१-५२५६२१, ५२५६२२, फ्याक्स: ९७७-९१-५२५६२३, इमेल:nhrcdhn@nhrcnepal.org

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

बुटवल, रुपन्देही, फोन: ०७१-५४६९११ इमेल: nhrcbtl@nhrcnepal.org

जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२ इमेल: nhrcjum@nhrcnepal.org



**मानव अधिकार पत्र प्रकाशन समिति**

**संयोजक: कोषराज न्यौपाने**

**सदस्यहरू: सुबोध पोखरेल, श्रीराम अधिकारी, हरिप्रसाद ज्ञवाली, कैलाश सिवाकोटी  र दुर्गा पोखरेल**

मुद्रण: सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स, काठमाडौं, फोन: ०१-५२६००३०